गरिसकेपछि प्रतिवेदन बुझाउनुपर्छ, तर कार्यदल असफल भएको सन्देश जाने भाषा राखेर जाने कुरामा मेरो पनि असहमति छ ।

गर्द सयौंजकल प्रतिवेदन बुझाउने निर्णय गरिएको छ,' कार्यदल सदस्य लेखराज भट्टले नयाँ पत्रिकासँग भने, 'समय उपलब्ध हुँदा बाँकी काम हामी शीघ्र सम्पन्न गर्न सक्छौं ।'

१२ पुसको स्थायी समिति बैठकले एकीकरण सकेर फागुन र चैतमा देशव्यापी जागरण अभियान चलाउने निर्णय गरेको थियो । तर, पार्टी एकीकरणको बाँकी काम थप लम्बिँदै गएको छ ।

१५ गाडी किन्दा ५७ लाख भ्रष्टाचार

सार्वजनिक लेखा समितिले 'भ्रष्टाचार' किटान नगरे पनि ५७ लाख बढी तिरेको आफ्नो प्रतिवेदनमा उल्लख गरेको छ

नयाँ पत्रिका
बुटवल, २५ माघ

प्रदेश ५ को प्रदेश सभा र विभिन्न मन्त्रालयलाई १५ वटा सवारीसाधन खरिद गर्दा ५७ लाख रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको पाइएको छ ।

गाडी खरिदमा व्यापक भ्रष्टाचार भएको गुनासो बढेपछि छानबिन गरेको सार्वजनिक लेखा समितिले नै गाडी खरिदमा ५७ लाखभन्दा बढी रकम तिरिएको निष्कर्ष निकालेको छ । तर, यसलाई भ्रष्टाचार नभनी 'बढी रकम तिरेको पाइएको भन्ने' शब्दावली प्रयोग गरेर भ्रष्टाचारीलाई जोगाउने प्रयास गरेको छ ।

शुक्रबार सार्वजनिक प्रतिवेदनमा २३ करोड रुपैयाँमा गाडी खरिद गर्दा बजार मूल्यभन्दा लाखौं बढी तिरिएको कुरा स्पष्ट उल्लेख छ । झन्डै एक महिना लगाएर गरेको अध्ययनबाट सवारीसाधन खरिद गर्दा बजार मूल्यभन्दा लाखौं बढी तिरेको पुष्टि भएको भन्दै समितिले सो रकम प्रदेशको सञ्चित कोषमा जम्मा गर्न सुझाब पनि दिएको छ । '१५ वटा गाडी किन्दा कम्तीमा पनि ५७ लाख रुपैयाँ बजार मूल्यभन्दा बढी रकम तिरेको पाइएकाले सो रकम सञ्चित कोषमा जम्मा गरिनुपर्छ,' प्रतिवेदनमा भनिएको छ । तर, उसले यसलाई भ्रष्टाचार भन्न सकेको छैन ।

भ्रष्टाचार भएको किटान गर्न नसके पनि समितिले सो प्रतिवेदन अख्तियारलाई बुझाउने र थप अध्ययन तथा कारबाहीका लागि निर्देशन दिने जनाएको छ । शुक्रबार लेखा समितिको प्रतिवेदनबारे जानकारी दिँदै समिति सभापति डिल्लीबहादुर चौधरीले अध्ययन प्रतिवेदन अब बस्ने संसद् बैठकमा पेस गरिने बताए ।

आइतबारदेखि मौसम सफा हुने

काठमाडौं / आगामी आइतबारदेखि देशैभर मौसम सफा हुने प्रक्षेपण गरिएको छ । गत मंगलबारदेखि पश्चमी न्यूनचापीय प्रणालीको प्रभाव देखिएपछि देशैभर वर्षासँगै हिमाली क्षेत्रमा हिमपात भइरहेको छ ।

शनिबार काठमाडौं उपत्यकासहित पूर्वी क्षेत्रमा हलुकादेखि मध्यम वर्षा हुन सक्ने जल तथा मौसम विज्ञान विभाग पूर्वानुमान महाशाखाका मौसमविद् वरुण पौडेलले जानकारी दिए । पश्चिमी क्षेत्रमा भने बिहान सामान्य बदली भए पनि दिउँसोदेखि मौसम सफा हुने मौसमविद् पौडेलले बताए ।

काठमाडौं उपत्यकामा बिहान आंशिक बदली हुँदा हलुका वर्षा भए पनि दिउँसोदेखि भने घाम लाग्न सक्ने महाशाखाले जनाएको छ । पश्चिमी न्यूनचापीय प्रभाव पूर्वतिर सर्दै गएकाले आइतबारदेखि मौसम सफा हुने पौडेलले बताए । गत बुधबारदेखि वर्षासँगै हिमपात हुँदा जाडो बढेको छ ।

Patarasi Rural Municipality
Office of Executive Rural Municipality,
Dillichour, Jumla
Karnali Province, Nepal

AMENDMENT NOTICE

Please refer to our notice already published in naya patrika dainik news paper on Feb 06, 2019 for purchase of different road and other construction works. There are some modification on tender notice and bid document. Some amendment may be incorporated and modified on bid document. For detail information please visit www.bolpatra.gov.np/egp.

Address:
Patarasi Rural Municipality, Dillichour, Jumla
Contact: 9758901282

r the construction of works

ice of Bid ment (NRs.) -refundable	Tender Type
3,000.00	Bid
3,000.00	Bid
3,000.00	Bid
3,000.00	Bid
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation
1,000.00	Sealed Quotation

For Bid/Sealed Quotation
For Bid
For Sealed Quotations

icipality; Katunje, Bhaktapur.
in this bidding.
ssion of a written application,
and upon payment of a non-
Bidder's representative who